बैठक संख्याः ३४

मिति:२०८३/०२/२७

समय:११:०० बजे

सिंजा गाउँपालिका नराकोट,जुम्ला

उपरोक्त मिति, समय र स्थानमा सिंजा गाउँपालिकाका अध्यक्ष श्री पूर्ण प्रसाद धिताल ज्यू को अध्यक्षतामा तपसिलमा उल्लेखित कार्यपालिका सदस्यहरुको समेत उपस्थितिमा बसेको बैठक देहाय बमोजिमका निर्णय गरियो ।

तपशिल

| सि.नं. | दर्जा | नामथर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | पूर्ण प्रसाद धिताल | | |
| २ | उपाध्यक्ष | सितली रोकाया | | |
| ३ | वडा नं. १ अध्यक्ष | हरिनन्द आचार्य | | |
| ४ | वडा नं. २ अध्यक्ष | तिर्थ वड | | |
| ५ | वडा नं.३ अध्यक्ष | सुरथ बहादुर रावत | | |
| ६ | वडा नं. ४ का.वा अध्यक्ष | विन्स बुढा | | |
| ७ | वडा नं. ५ का.वा अध्यक्ष | हंष बहादुर बुढा | | |
| ८ | वडा नं. ६ का.वा अध्यक्ष | राम बहादुर रोकाया | | |
| ९ | कार्यपालिका सदस्य | राजपुरा दमाई | | |
| १० | कार्यपालिका सदस्य | रुपकेउडा विष्ट | | |
| ११ | कार्यपालिका सदस्य | दन्ता कामी | | |
| १२ | कार्यपालिका सदस्य | मागी वड | | |
| १३ | कार्यपालिका सदस्य | हरिचन्द्र सार्की | | |
| १४ | कार्यपालिका सदस्य | मोती दमाई | | |
| १५ | प्रमुख प्रशासकीय अधिकृत | टेक बहादुर शाही | | |

निर्णय नं १.

सिंजा गाउँपालिकाको चालु आ. व. २०८२।०८३ को बार्षिक स्वीकृत तथा कार्यक्रममा मालपोत तथा नापी कार्यालय व्यबस्थापनका लागि बिनियोजन गरिएको रकम सम्बन्धित खर्च शिर्षकमा भुक्तानी भइ वाँकि रहेको रकम गाउँपालिकाको प्राबिधिक शाखामा मोटरसाइकलको आबश्यकता भइ खरिद समेत भएकाले बिल बमोजिमको रकम रु. ४लाख ६५ हजार समेत भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं २.

सिंजा गाउँपालिकाको हिउदे गाउँसभाबाट धितालिलिही तटबन्धनका लागि बिनियोजन भएको रकम रु. ३ लाख ६१ हजार उक्त योजनाको कार्यसम्पन्न भइ वाँकी रहेको रकम इलाका प्रशासन कार्यालय नराकोटको राष्टिय परिचयपत्र शाखामा सौर्यउर्जा जडान गरि सेवा प्रबाहमा सहजता भएकाले सम्बन्धित फर्मलाइ बिल बमोजिमको रकम रु. १लाख ५० हजार समेत भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. ३.

सिंजा गाउँपालिकामा मिति २०७९।०६।१९ देखि २०७९।०६।२४ सम्म परेको अबिरल बर्षाका कारणले वडा नं १ देखि ६ सम्मका बस्तिहरुमा व्यापक रुपमा बाढी पहिरोले क्षति पुर्याइ वडा नं ५ निबासी इन्नकली रावलको घर पूर्णरुपमा क्षति भइ जिल्ला बिपद व्यबस्थापन समितिबाट लाभग्राही समेत कायम भएकोले गाउँपालिकाले निर्धारण गरेको मापदण्डमा घर निर्माण गर्नका लागि निजको जग्गाको क्षेत्रफलले नपुग्ने हुदा जग्गाको क्षेत्रफल अनुशार निर्माण भएको घरको प्राबिधिकले पेश गरेको प्रतिबेदनका आधारमा रकम भुक्तानी गर्ने निर्णय गरियो ।